परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : २ अंक : २०७ पृष्ठ ४ २०८० माघ ०७ गते, आइतबार 21 Jan., 2024 मूल्य रु. ५/-




**मधेशको तेस्रो जित, कर्णाली ६१ रनले पराजित**

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बर्दिबासमा मेडिकल कलेजको लागि अझै खबरदारी आवश्यक छ : पोखरेल

● टक नेपाल



बर्दिबास । माओवादी केन्द्रका उपमहासचिव गिरीराजमणि पोखरेलले बर्दीबासमा सरकारी मेडिकल कलेज स्थापनाका लागि अझै पनि खबरदारी जरुरी रहेको बताएका छन्। सरकारले महोत्तरीको बर्दीबासमा सरकारी मेडिकल कलेज निर्माणको काम अघि बढाउन स्वीकृति दिए पनि अझै त्यसविरुद्ध व्यवधानहरु सिर्जना हुनसक्ने आशंका व्यक्त गर्दै उनले यथाशिघ्र पूर्वाधार निर्माणको काम अघि बढाउनको लागि खबर दारी आवश्यक पर्न सक्ने बताएका हुन्। शनिबार दिउँसो बर्दिबासमा विभिन्न राजनीतिक दलका नेता र सरोकारवाला पक्षको समेत उपस्थितिमा पत्रकार सम्मेलन गर्दै नेता पोखरेलले सरकारी ढिलासुस्तीका बावजुध पनि मेडिकल कलेजको पक्षमा काम अघि बढेकोमा प्रसन्नता व्यक्त गरे। गएको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले बर्दीबास मेडिकल कलेज निर्माणको काम अघि बढाउन स्वीकृति दिने निर्णय गरेको थियो। ‘बर्दीबास मेडिकल कलेजको सम्बन्धमा सर्बोच्च अदालतले निर्णय गरेपछि पनि जग्गा प्राप्तिको लागि यति समय लाग्यो। किस्ता किस्तामा खुशी हुनुपर्ने यो परिपाटीको कहिले अन्त्य होला?’ पूर्वमन्त्रीसमेत रहेका पोखरेलले पत्रकार सम्मेलनमा आफ्नो मन्तव्य राखिसके पछि सामाजिक सञ्जालमा लेखेका छन्, ‘मन्त्रिपरिषदको यो निर्णयले एउटा खुशी त दिएको छाअब, डिपिआरको पुनरावलोकन, स्रोतको सुनिश्चितता, निर्माण कार्यका लागि बहुवर्षीय ठेक्काको अनुमति लगायतका कामलाई सम्पादन गरेर जति सक्यो चाँडो शिलान्यास गर्ने प्रक्रियामा हामी लागेका छौं। यसअघि गठित बर्दिबास मेडिकल बचाउ अभियानलाई नयाँ ढंगले अगाडी बढाउने सहमति भएको छा यस सम्बन्धि संयन्त्र लगायतका आवश्यक निर्णय अर्को बैठकमा गरिनेछा’ पत्रकार सम्मेलनमा उनले जग्गा प्राप्ती भएपछि पनि भौतिक पूर्वाधार निर्माणको काम सुरु गर्नका लागि केही प्रक्रियागत व्यवधानहरु अझै पनि बाँकी नै रहेको बताए। ‘अब यसलाई विलम्ब नगरी तयार भएको डीपीआरलाई केही शंसोधन गरी शिक्षा मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ । अर्थ मन्त्रालयबाट श्रोतको सुनिश्चित गरी योजना आयोगबाट वहुवर्षीय ठेक्काको लागि निर्णय गराई यथाशिघ्र मेडिकल कलेजको शिलान्यासको प्रक्रिया अगाडि बढाउनु पर्छ,’ पत्रकार सम्मेलनमा उनले भने, ‘जसरी विगतदेखि नै मेडिकल कलेजको पक्षमा यस क्षेत्रका जनसमुदायले साथ सहयोग र एक्यवद्धता जनाउँदै आउनु भएको छ, बाँकी कामहरुका लागि सबैको साथ सहयोग रहने विश्वास व्यक्त गर्दछु।’ ०७३ सालमा पोखरेल शिक्षामन्त्री भएको बेला बर्दिबासमा एक हजार बेड क्षमताको सरकारी मेडिकल कलेज स्थापना गर्ने निर्णय सरकारले गरेको थियो। त्यतिबेला सरकारले बर्दिबाससँगै बुटवल र सुर्खेतमा पनि सरकारी मेडिकल कलेज स्थापना गर्ने निर्णय गरेको थियो। हाल माओवादी केन्द्रका उपमहासचिवसमेत रहेका पोखरेलले बर्दिबासमा सरकारी मेडिकल कलेज स्थापनाको लागि विभिन्न ढंगले पहल अघि बढाउँदै आएका थिए ।




## भगवान रामको प्राण प्रतिष्ठाका दिन वन अधिकृत शर्माले जानकी फूलबारीमा २२५ वटा तुलसीको विरुवा रोप्ने

● टक नेपाल



जनकपुरधाम । पर्यावरण संरक्षण अभियन्ता एवम् वन निर्देशनालय मधेश प्रदेशका वन अधिकृत सुरेश शर्मालो जानकी मन्दिरको जानकी फूलबारीमा २२५ वटा तुलसीका विरुवा रोप्ने भएका छन् । माघ ८ गते भारतको अयोध्यामा नवनिर्मित भगवान राम मन्दिर मा प्राण प्रतिष्ठा गर्ने दिन उहाँले बहुउपयोगी तुलसीको विरुवा रोप्ने भएका हुन् । धार्मिक दृष्टिले मात्र होइन आध्यात्मक र आयुवेर्दिक दृष्टिले समेत तुलसीको महत्त्व धैरै भएकाले तुलसीको विरुवा रोप्ने तयारी गरेको वन अधिकृत शर्माले बताउनुभयो । तुलसीका गुणहरू १०८ वटाभन्दा बढी छन् । ‘धार्मिक दृष्टिकोणका साथसाथै स्वाथ्यका दृष्टिले पनि अत्यन्त उपयोगी छ, अक्सिजनको कमी हुँदा तुलसी महत्त्वपूर्ण हुन्छ’ वन अधिकृत शर्मा भन्छन्, ‘मृत्यु संस्कारमा पनि तुलसीको मोठ र मञ्जरी महत्त्वपूर्ण मानिन्छ’, उहाँले भन्नुभयो । यसै गरी तुलसी जुन घरमा हुन्छ, त्यहाँ यमराजका दूतहरू नआउने विश्वास गरिन्छ । त्यस्तै अहिलेको समयमा एलोपे थिक, आयुर्वेदिक डाक्टरहरूले तुलसीको पानी खानाले शरीर स्वस्थ हुने, कुनै विकार भए निराकण हुने उहाँ बताउँछन् । तर तुलसीलाई विष्णु भगवानका रूपमै मान्नु पर्ने धारणा उहाँको छ । ‘संस्कार परम्परा र सनातन परम्पराले दिएका कुराहरूमा हामीले हस्तक्षेप गर्न मिल्दैन । तुलसीबारे आयुर्वेदले एक थोक भन्ला, विज्ञानले अर्को थोक भन्ला,’ वन अधिकृत शर्मा भन्छन्, ‘तुलसी, पीपल, शालिग्राम, कुशलाई भगवानका रूपमा मानिएको छ । यो हाम्रो सनातन परम्परा हो ।’ यसैगरी, उहाँले सोही दिन विवाह मण्डपमा चन्दन र रुदाक्षका विरुवा रोप्न, जनकपुर रेल स्टेशनस्थित हनुमान मन्दिरको परिसरमा पलासको विरुवा, बिषहारा मन्दिर परिसरमा रुद्राक्ष र चन्दनका विरुवा र धनुषाधाममा बरपिपलको बिरुवा रोप्नु छन् । उहाँले प्रकृति एवम् संस्कृति संरक्षण अभियान सहभागिता जनाउन तथा आ-आफ्नो स्थानमा यस्तै कार्यक्रमको आयोजना गरेर भगवान रामको नाउँमा एक-एक वटा वृक्षरोपण गर्न अपिलसमेत गर्नुभएको छ ।

## भष्ट्राचार मुद्दामा देवाही गोनाहीका पूर्व मेयर पटेलले पाए सफाइ

● टक नेपाल



रौतहट । घुसको रकमसहित पक्राउ परेका रौतहटको देवाही गोनाही नगरपालिकाका पूर्व मेयर धर्मेन्द्रप्रसाद पटेल र उनका सहयोगी अशोक पटेलले विशेष अदालतबाट सफाइ पाएका छन् । बिशेषका न्यायाधीशहरु तेजनारायण सिंह, खुशी प्रसाद थारु, र रितेन्द्र थापाको संयुक्त इजलासले पटेल र उनका सहयोगीलाई भ्रष्टाचार मुद्धामा शुक्रबार सफाइ दिएको हो । वडा कार्यालय भवन निर्माणको भुक्तानीमा तत्कालीन मेयर पटेलले दुई लाख नगद र उपभोक्ता समितिको नामको साढे दुई लाख रुपैयाँको चेकसहित २०७८ फागुन १५ गते नगरपालिकाको कार्यकक्षबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयका डिएसपी पुष्पमल्ल ठकुरीको नेतृत्वमा खटिएको टोलीले पक्राउ गरेको थियो । वडा नम्बर १ का तत्कालीन वडाअध्यक्ष शेख नुरुल्लाहसँग घुस लिएको आरोपमा अख्तियारको टोलीले तत्कालीन मेयर पटेल र उनका स्वकीय सचिव अशोक लगायत चार जनालाई पक्राउ गरेको थियो । पक्राउपछि मेयर पटेल निलम्बनमा परेका थिए ।

बाँकी पृष्ठ ३ मा

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# खुलामञ्च जोगाऔँ

खुलामञ्चमा विसं २०३६ सालमा जननेता बिपी कोइरालाले जनमत संग्रह हुने बेला बहुदलको पक्षमा उभिएर जनतालाई सम्बोधन गरेको इतिहास छ। खुलामञ्च काठमाडौं महानगरपालिकाको स्वामित्वमा आएपछि पटकपटक दोहन गर्ने काम भइरहेको छ । कहिले बसपार्क बनाएर होस् वा सटर भाडामा दिएर किन नहोस् फरक-फरक समयमा अनावश्यक प्रयोग भइरहेको छ। गतवर्ष भूमिगत पार्किङ क्षेत्र बनाउने तयारी गरेको कामपाले सोही वर्ष कार्यपालिकाको बैठकमा बजेट व्यवस्थापन गरेको थियो। खुलास्थानको अभावमा राजधानीवासी तड्पिरहेको अवस्थामा महानगरले फेरि अन्तर्राष्ट्रिय स्तरको फुटबल मैदान बनाउने योजना अघि बढाएको हो। मुलुकको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने जिम्मा लिएको स्थानीय तहले बेला-बेलामा र ाजधानीको सुन्दर क्षेत्र हडप्न खोजेपछि सर्वत्र विरोध भएको छ । विसं २०४६ र २०६२/०६३ सालको जनआन्दोलनको विजय सभा भएको टुँडिखेलको इतिहास जीवित राख्ने दायित्व बोकेको महागरले फुटबल मैदान बनाउन खोजेपछि त्यसको विरोधमा जनता उत्रिएका छन्। महानगरले सो क्षेत्रलाई खुला राख्नुपर्छ भन्ने बिर्सिन थालेको छ । २०७२ सालको शक्तिशाली भूकम्पमा हजारौं जनतालाई आश्रय दिएको यो खुलामञ्च महानगरमात्रको होइन । देशको हो सबै जनतामा यसलाई जोगाउनुपर्छ भन्ने भावना हुनुपर्छ। त्यसैले पछिल्लो समय खुलामञ्च जोगाउन सबै लाग्नसमेत थालेका छन्। विसं २०७१ सालमा रत्नपार्कमा भ्युटावर बनाउन ठेक्का दिएपछि टुँडिखेल हडप्न शुरू भएको हो। त्यसबेला कामपाले नै भ्युटावरको ठेक्का दिएको स्वच्छन्द निर्माण सेवाले बसपार्क र सटरसहितको व्यापार गर्न खुला गरेको थियो। त्यसबेला अक्युपाई टुँडिखेललगायत संस्थाले निरन्तर दबाब दियो। परिणामस्वरूप २०७७ सालमा खुलामञ्चबाट बसपार्क हटाउन शुरू भयो। लगत्तै सटरमा जोडर चलाइयो। अहिले फेरि फुटबल मैदान बनाउने नाममा महानगरले खुलामञ्चलाई बिगार्न खोजेको छ। पाँच करोड रुपियाँको लागतमा फुटबल मैदान बनाउन खरिद प्रक्रिया नै अघि बढाइसकेको छ । विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ। ठेक्का प्रक्रियामा जाँदा लामो समय लागेर आर्थिक चलखेल गर्न नपाइने भएपछि कामपाले आफू निकटका ठकेदारलाई कोटेसनमार्फत् टुक्रे योजना दिन प्रपञ्च शुरू भइसकेको छ। राजधानीको बीच भागमा रहेको खुलामञ्चमा महानगरले मनपरी गर्न थालेसँगै अभियन्ताहरूल विरोध जनाउन शुरू गरेका छन्। स्थानीयवासी र संरक्षण अभियन्ताहरूले खुलामञ्चलाई प्राकृतिक चौरकै रूपमा छाड्न माग गर्दै सर्वसाधारणको पहुँच नखुम्च्याउन आग्रह गरेका छन्। कामपाले चालु आर्थिक वर्षको बजेटमा खुलामञ्चमा मैदान बनाउन 'व्यायाम तथा खेलकुदस्थल सुधा शीर्षकमा १ करोड रुपियाँ विनियोजन गरेको छ। टुँडिखेलको एक भाग खुलामञ्चमा नेपालीले आफ्नो विचार राख्ने, अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने ठाउँ मानिन्छ। विचार निर्माण गराउने सार्वजनिक थलो मासेर खेलमैदान बनाउन हुँदैन। खुलामञ्च खुला राखेर संरक्षण गर्नु सबैको दायित्व हुनेछ। त्यसको लागि सरोकारवाला एकजुट हुनुपर्छ। कामपाले गर्न लागेको यो कामको सरकारले हस्तक्षेप गर्नुपर्छ ।

# मधेशको तेस्रो जित, कर्णाली ६१ रनले पराजित

● टक नेपाल



काठमाडौं । मधेश प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा कर्णाली प्रदेशलाई ६१ रनले हराउँदै तेस्रो जित हात पारेको छ। योसँगै मधेश अंक तालिकामा तेस्रो स्थानमा उक्लिएको छ। २३२ रनको मध्यम लक्ष्य पछ्याएको कर्णाली ४१.१ ओभरमा १ सय ७० रनमा अलआउट भयो । कर्णालीका युवा विकेटकिपर अर्जुन घर्तीले १ सय ५ बलमा २ चौका र २ छक्कासहित सर्वाधिक ५८ रन बनाए । दिनेश अधिकारीले ३३ बलमा २ चौका र ३ छक्कासहित ३३ रनको इनिङ खेले । एक समय कर्णाली २८.२ ओभरमा १०४-७ को अवस्थामा पुगेको थियो । आठौं विकेटका लागि दिनेश अधिकारी र अर्जुन घर्तीले ६१ रनको साझेदारी गर्दै कर्णालीको जितको आशा कायमै राखेका थिए । तर तीव्र गतिका बलर राजेश यादवको ४० औं ओभरको चौथो बलमा दिनेश आउट भएपछि कर्णालीको जितको सम्भावना लगभग सकिएको थियो । सट बलमा छक्का हान्न खोज्दा टप एज लागेर उनी मिडअफमा मयन यादवबाट क्याच हुन पुगेका थिए। अर्जुन अन्तिम विकेटको रुपमा लङअनमा पवन सरार्फबाट क्याच आउट भए । कर्णालीले कप्तान तथा प्रमुख ब्याटर रवीन्द्रजंग शाहीलाई एक रनमै गुमाएको थियो । तीव्र गतिका बलर राजेश यादवको बलमा रवीन्द्र एज लागेर फस्टस्लिपमा रञ्जित कुमार बाट क्याच आउट भएका थिए । राजेश यादवले नै हिमांशु शाहीलाई २ र नमा क्याच आउट गराए। तेस्रो विकेटका लागि विपिन शाही र अर्जुन घर्तीले ४४ र नको साझेदारी गर्दै इनिङ उकासेका थिए। विपिन शाही स्पिनर रञ्जित कुमारको बलमा कभरमा रुपेशबाट क्याच आउट भएपछि कर्णालीलाई ठूलो झड्का लागेको थियो। विपिन शाहीले ३८ बलमा ६ चौकासहित ३१ रनको इनिङ खेले । निश्चल रावल प्रदीप पासवानको बलमा ४ रनमा बोल्ड आउट भए । दीपेन्द्र रावत ५, प्रकाश जैसी १४ र युनिस सिंह शून्यमा आउट हुन पुगे । मधेशका राजेश यादवले ६ ओभरमा २७ रन खर्चेर ३ विकेट लिए। प्रदीप पासवानले १० ओभरमा ३४ रन खर्चेर २ विकेट लिए। रुपेश सिंह, अभिषेक तिवारी, रञ्जित कुमार, हरिशंकर शाह र पवन सरार्फले १-१ विकेट लिए । त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको मधेशले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २३१ रन बनाएको थियो। मधेशका कप्तान हरिशंकर शाहले ६१ बलमा ६ चौकासहित ५० रनको अर्धशतकीय इनिङ खेले। युवा ब्याटर मयन यादव ८८ बलमा ५ चौकासहित ५० रनमा आउट भए। अनिलकुमार साहले ४४ बलमा ४ चौका र २ छक्कासहित ४४ रनको योगदान दिए। ओपनर अनिल र हरिशंकरले मधेशलाई पहिलो विकेटका लागि १३.५ ओभरमा ८५ रनको साझेदारी गर्दै राम्रो सुरुवात दिलाएका थिए । पवन सरार्फ ११, निरज यादव शून्य, राहुल मण्डल १० र रुपेश सिंह ३ रनमा आउट भएपछि मधेश ८५-० बाट १६३-६ को अवस्थामा पुगेको थियो । सातौं विकेटका लागि मयन यादव र अभिषेक तिवारीले ४१ र नको महत्वपूर्ण साझेदारी गरेका थिए । तीव्र गतिका बलिङ अलराउन्डर अभिषेक तिवारीले ३७ बलमा ४ चौका र १ छक्कासहित ३४ र बनाउँदै आउट भए । राजेश यादव र प्रदीप पासवानले ११-११ रन जोडे । कर्णालीका स्पिनर दीपेन्द्र रावतले १० ओभरमा १ मेडनसहित ३९ रन खर्चेर ४ विकेट लिए । अनुज चुनाराले ४ ओभरमा ३० रन खर्चेर २ विकेट लिए । युनिस सिंह, दिनेश अधिकारी र दिवान पुनले एक-एक विकेट लिए । यो जितले मधेश ५ खेलमा ३ मा जित र २ मा हारसहित तेस्रो स्थानमा छ। कर्णाली ४ खेलमा समान २ मा जित र हारका साथ सातौं स्थानमा छ । सुदूरपश्चि ३ खेलमा ६ अंकका साथ शीर्ष स्थानमा छ। बागमती ५ खेलमा ६ अंक भए पनि नेटरनरेटका कारण दोस्रो स्थानमा छ । तीन विभाग र ७ प्रदेश गरी कुल १० टोलीको सहभागीता छ । राउन्ड रोविनको आधारमा हुने प्रतियोगिता शीर्ष दुई टोली फाइनल खेल्नेछन् ।

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरु :



- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

बर्दिबास नगरपालिका
बर्दिबास (महोत्तरी)

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। | तुला | श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। |
| बृष | पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ। | वृश्चिक | तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। |
| मिथुन | नयाँ जिम्मेवारी प्राप्त हुने समय छ। सामाजिक काममा रुचि बढ्नेछ। | धनु | मिहिनेतको प्रतिफल प्राप्त हुनेछ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। |
| कर्कट | काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ। | मकर | अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। |
| सिंह | धेरै बोल्दा समस्या आउन सक्छ। हातमा आएको र कम अरूका लागि खर्चनुपर्ने छ। | कुम्भ | माइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। |
| कन्या | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। | मीन | आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# कोरोना भाइरसविरुद्धको खोप 'डिस्पोज' गरिँदै

● टक नेपाल

काठमाडौं । सरकारले कोरोना भाइसविरुद्ध प्रयोग गर्न ल्याएको ४० लाख मात्रा खोप प्रयोगमा नआएपछि विसर्जन 'डिस्पोजल' को तयारी गरेको छ । चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइसविरुद्धको साइनो भ्याक खोप प्रयोग नगरी म्याद सकिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विर्सजन गर्ने तयारी गरेको हो । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कोरोना भाइसविरुद्धको ४० लाख मात्रा खोप विसर्जनको तयारी भइरहेको जानकारी दिनुभयो । 'खोप प्रयोग नभएपछि म्याद सकिएको छ,' उनले भने, 'धेरै मात्रा खोप भएकाले के कसरी विसर्जन गर्ने भन्ने विषयमा कार्यविधि बनाउँदैछौँ ।' प्रवक्ता डा. बुढाथोकीका अनुसार खोपलाई धेरै तापक्रममा वा ईँटाभट्टामा राखेर जलाउने भन्ने मा छलफल भइरहेको छ। बुस्टर डोजका लागि प्रयोग हुन नमिल्ने भएपछि विगत साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा खोप थन्किएका उनको भनाइ थियो। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बुस्टर डोजका लागि प्रयोग गर्न नभनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले उक्त खोप नलगाउने निर्णय गरेको थियो। उक्त खोप चीन सरकारबाट अनुदानमा २०७८ वैशाख १२ गते ३४ लाख ४३ हजार तीन सय ६० मात्रा र वैशाख १४ गते पाँच लाख ५६ हजार ६ सय ४० मात्रा खोप नेपाल आएको थियो । बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने तथा पहिलो र दोस्रो मात्रा खोप लगाउने मानिस नभएपछि खोपको प्रयोग नभएको बताए । 'कोरोना महामारीको बेला खोपको माग गरेर आएको हो । खोप नेपाल आउँदा धेरै मानिसले पहिलो र दोस्रो मात्रा लगाइसकेका थिए,' उनले भने, 'खोपलाई डब्लुएचओले बुस्टरका लागि प्रयोग गर्न नमिल्ने भनेपछि हामीले प्रयोग गर्न सकेनौं ।' बुस्टर डोजका लागि साइनो भ्याकको सट्टा फाइजर खोप प्रयोग गरिएको थियो ।

# राममय बन्यो....

प्राण प्रतिष्ठाको दिन खुसियाली मनाउन आग्रह गर्नुभएको हो । उहाँले हामी सम्पूर्ण व्यक्तिलाई माता जानकीको नगरवासी (मिथिलावासी) रहेको सङ्ख्या दिनुहुँदै हाम्रो लागि भगवान् रामको मन्दिरमा प्राण प्रतिष्ठाको दिन गौरव र सम्मानको दिन भएकाले सो दिनमा दीपावली मनाउनुको साथै खुसी साटासाट गर्न आग्रह गर्नुभएको छ । साथै जलेश्वर नगरपालिकाद्वारा आउँदो सोमबार जलेश्वर नगरपालिका क्षेत्रभित्र माछा, मासु र मदिराको सेवन तथा बिक्री वितरणमा रोक लगाइएको विज्ञप्तिमा उल्लेख छ । सोही दिन जलेश्वरका युवाले पनि भगवान् रामचन्द्रको प्राण प्रतिष्ठाको दिनलाई स्मरणीय बनाउन सो दिनमा जलेश्वर नगरभरि रामचन्द्र र माता सीताको झाँकी निकाल्ने, रामनाम जापसहितको बाजागाजा र लावा लस्कर निकालेर नगरपरिक्रमा गर्ने, जलेश्वरनाथ महादेव परिसरमा दीप प्रज्वलन गर्ने, जलेश्वर नगरपालिका-१ स्थित बरुण सरोवरमा साँझपख गङ्गा आरती गर्ने, राति नगरभरि दीपावली गर्ने लगाउनेलगायतका कार्यक्रम राखेको जलेश्वर उद्योग वाणिज्य सङ्घका महासचिव शिवचन्द्र चौधरीले बताउनुभयो । -रासस

# भष्ट्राचार मुद्दामा देवाही....

देवाही गोनाही-१ करुनिया स्थित वडा कार्यालयको भवन निर्माणको काम सम्पन्न भएपछि अन्तिम भुक्तानी माग गर्दा मेयर पटेलले उपभोक्ता समितिसँग ५ लाख घुस मागेको तत्कालीन वडाअध्यक्ष शेख नुरुल्लाहको आरोप थियो। नगरस्तरीय योजना अनुसार वडा कार्यालय भवन निर्माण गर्न नगरपालिकाबाट २० लाख बजेट बिनियोजन गरिएको थियो । मेयर पटेलले समितिसँग कुनै किसिमको रकम माग नगरेको र आफुलाई नियतवश फसाइएको बताए । 'मलाई नियतवश फसाइएको थियो,'उनले भने, 'सम्मानित अदालतबाट सफाई पाएको छु ।' पटेल अहिले आमजनता पार्टीका जिल्ला अध्यक्ष हुन् ।

# गरिब बस्तीमा जाडो छल्न 'घूर' र 'चटाइ'

● टक नेपाल



महोत्तरी । परालका लुइँठा बटारेर बनाइएका चटाइ नै सहारा बनेका छन् । 'घूर' का वरपर बसेर तातिएको अनुभूति लिन र सुत्दा चटाइको सहाराले उज्यालो पर्खने गरिब बस्तीको नियति नै बनेको छ । भङ्गाहा नगरपालिका-३ सकरी मुसहरी टोलकी रामराजी सदा स-साना नानीलाई पराले चटाइ ओढाएर सुताउने प्रयत्न गर्नुहुन्छ। जाडो छल्ने यिनै चटाइ पनि सबै परिवारका सदस्यलाई ढाक्ने गरी जोहो गर्न नसकिएको रामराजीको व्यथा छ । "चटाइ पनि दुई मात्र छन्, नानीहरु कसै गरी निदाए भने आफूहरु तिनै निदाएको हेरेर सन्तोस गरिन्छ", रामराजी भन्नुहुन्छ, "अब आधा माघ कटेपछि घाम देखिने भन्ने आश छ ।" यो सकरी मुसहरी टोलकी रामराजीको मात्र व्यथा नभई जिल्लाका सबैजसो भेगमा बसोबास गर्ने आम मुसहरको व्यथा हो । मुसहर मात्र नभएर यहाँका बाँतर, मेस्तर, डोम, दुसाध र हलखोर जाति समुदाय आर्थिक अवस्थाले अत्यन्त पछि देखिन्छन् । बाँसको खाँबा र झिक्राझिक्रीको बार (बेराघेरा) का भित्ताको भरमा अडिएका पराले छानाका केही हात लम्बाइ/चौडाइका झुप्रा गरिबको घर संसार हुन् । "हजुर, हाम्रो चिसो छल्ने यही सहारा हो", बलवा नगरपालिकाको भगवतीपुर बस्तीकी करिब ६० वर्षीया पुरनी सदा मुसहर भन्नुहुन्छ, "रात कटाउन पराल र चटाइ छ, उज्यालो भएपछि घूर हुन्छ ।" लगातार बढ्दै गएको चिसोले बिहानै मजदुरी गर्न जान नपाएपछि खाने कुराको पनि समस्या बढेको पुरनीको थप पीडा छ । रामराजी, पुरनीजस्तै भङ्गाहा-८ धर्मपुरको अन्हारवन बस्तीकी हेमकली बाँतरको पनि पीडा उस्तै छ । "न खाने कुरा यो भन्ने छ, न ओढ्ने, बस्ने लुगा", ५० वर्षीया हेमकलीले भन्नुभयो, "हामी गरिबलाई हेर्ने कोही छैनन्, यसपालिको जाडोबाट बाँच्न कठिन छ ।" महोत्तरीका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटै स्थानीय तहमा मुसहर जातिको बसोबास छ। यीमध्ये भङ्गाहा, गौशाला, औरही, बर्दिबास र लोहारपट्टि नगरपालिकामा अन्यभन्दा बढी मुसहर जातिको बसोबास छ । सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक सूचाङ्कका दृष्टिले अति नै पिछडिएका मुसहरजस्तै बाँतर पनि हुन् । दुवै जातिको रीतिथिति समान नै देखिने भङ्गाहा नगरपालिका-३ का बासिन्दा समाजशास्त्री शिवराज दाहालको भनाइ छ । मुसहर जिल्लाका सबै स्थानीय तहमा रहे पनि बाँतर बस्ती भने भङ्गाहा नगरक्षेत्रमा मात्र छन् । आफ्नो नगरक्षेत्रमा मुसहर र बाँतरको एक ठाउँ गणना हुँदा फरक-फरक जाति समुदाय बसोबास तालिकाको अभिलेखमा मुख्य स्थान ओगट्ने भङ्गाहाका नगरप्रमुख सञ्जीवकुमार साह स्वीकार गर्नुहुन्छ । जिल्लामा अहिले मुसहर, बाँतर दुवै मिलाएर ४० हजारको हाराहारी जनसङ्ख्या पुगेको छ । त्यसमा मुसहरको २७ हजार तीन सय ५२ रहेको पछिल्लो राष्ट्रिय जनगणना तथ्याङ्क-२०७८ ले देखाएको छ। करिब ४० हजारको हाराहारी पुग्नै लागेको जनसङ्ख्याभित्रका मुसहर, बाँतर समुदायबाट प्रवेशिका उत्तीर्ण गर्नेको सङ्ख्या ५० कटेको छैन । विद्यालयमा प्रत्येक वर्षजसो भर्ना अभियानका नाउँमा यी समुदायका बालबालिकाको नाउँ विद्यालयमा लेखिए पनि गरिबी र अभावले टिक्न सक्दैनन् । "सबै स्थानीय तहमा दैवीप्रकोप उद्धार कोष छ, प्रत्येक जिल्लामा सरकारका मुख्य प्रतिनिधि मानिने प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समिति छ", नेपाल सरकारको सहसचिवबाट सेवानिवृत्त हुनुभएका भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेल भन्नुहुन्छ, "सेवानिवृत्त भएर घर बसेको २० वर्ष हुन लाग्यो, कहिल्यै प्रकोपको पूर्वतयारी कसैले गरेको देखिँदैन ।" सेवाप्रदायक निकाय उत्तरदायी हुन नसक्दा सालसालै चिसोकै कारण ज्यान जाने र दीर्घरोगले ग्रसित हुने बढिरहेका भुजेलको भनाइ छ । -रासस

अनलाईन सेवा
अर्जेन्ट फोटो
टाइपिङ प्रिन्टिङ
फोटोकपी लेमिनेशन
न्यु इशिका कम्युनिकेशन
एण्ड फोटो स्टुडियो
9804804700 & 9844697459
गौशाला नगरपालिका-१०, वडा कार्यालय अगाडी
फोटो फ्रेमिङ
ID Card/ Lamination
स्टाम छाप
प्रमाणपत्र डिजाइन

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)

हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।

सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# जिम्मेवारीका कारण संन्यासी बन्न सकिरहेको छैन : सीके राउत

● टक नेपाल




सप्तरी । जनमत पार्टीका अध्यक्ष एवं चन्द्रकान्त(सीके) राउतले जनताले दिएको जिम्मेवारीका कारण संन्यासी बन्न नसकेको बताएका छन् । संसद, सरकार र व्यवस्था सञ्चालनबारे तीव्र असन्तुष्टि व्यक्त गरेका राउतले शासन व्यवस्था उत्कृष्ट रहेपनि यसको सञ्चालन चारजना नेतामा मात्र सीमित रहेको बताए । शनिबार बिहान सप्तरीको र ाजविराजमा पत्रकार सम्मेलन गरी राउतले देशलाई पुष्पकमल दाहाल, शेरबहादुर देउवा, केपी ओली र माधव नेपालले बन्धक बनाएको आरोप लगाए । संसद्मा स्वतन्त्र रुपमा बोल्ने अधिकारसमेत जननिर्वाचित सासंदलाई नरहेको बताउँदै उनले संसद हुन्छ वा हुन्नमा मात्र सीमित रहेको बताए । अदालतदेखि अख्तियार लगायतका संवैधानिक निकाय पनि त्यही चार नेताको सेरोफेरो अनुसार चल्ने गरेको राउतको आरोप छ । ‘मन्त्रिपरिषद् पनि प्रधानमन्त्री र मुख्यसचिवको चुदुरबुदुरमा चल्छ,’ राउतले भने, ‘यो सरकार र गठबन्धबाट धैरै अपेक्षा छैन अब सडकमै आउनुपर्ने अवस्था सिर्जना भएको छ ।’ सरकारमा रहनु पनि एउटा अधिकार भएको बताउँदै राउतले सरकारबाट आफूहरूलाई हटाए पनि मञ्जुर हुने बताए । ‘हाम्रो पार्टीबाट मन्त्री बनेकाहरूलाई राजीनामा लेखेर राख्न निर्देशन दिइसकेको छु, जतिबेला माग्छन् दिइहाल्नुहुन्छ,’ उनलेभने।

# राममय बन्यो जलेश्वर




● टक नेपाल

जलेश्वर । भारतको उत्तर प्रदेशमा रहेको अयोध्यामा आउँदो सोमबार (जनवरी २२ तारेख) का दिन हुन लागेको भगवान् रामको प्राण प्रतिष्ठा कार्यक्रमलाई लिएर अहिले महोत्तरी सदरमुकाम जलेश्वर र ाममय भएको छ । जलेश्वरमा अहिले प्रत्येक घर, व्यापार, व्यवसाय, पसल, उद्योग, कारखाना र नगरभरि रहेका प्रत्येक पोलमा भगवान् रामचन्द्रको प्रतिमा अङ्कित झण्डा लगाउनुका साथै बिजुली बत्ती र फूलमाला लगाएर झकिझकाउ बनाइएको छ । त्यसैगरी जलेश्वरको प्रत्येक प्रतिष्ठान र घर परिवारमा अहिले ‘राम आँयेगें’ बोलको गीतले गुञ्जिएको छ । यसैबीचराममन्दिरमाहुनलागेको भगवान् रामचन्द्रको प्राण प्रतिष्ठालाई लक्षित गर्दै जलेश्वर नगरपालिकाले आउँदो सोमबार नगभरिका सबै घर, मठ, मन्दिर, उद्योग, व्यापार, व्यवसाय, पसल, कलकारखाना र नगरभरिका सम्पूर्ण दोबाटो, चौबाटो तथा चोकचोकमा दीप प्रज्वलन गर्न नगरवासीलाई आग्रह गरेको छ । नगरप्रमुख सुरेश साह सोनारले एक विज्ञप्ति जारी गर्दै सम्पूर्ण नगरवासीमा राम भगवान्को

»» बाँकी पृष्ठ ३ मा

# स्यालको टोकाइबाट १२ जना घाइते

● टक नेपाल




रौतहट । स्यालको आक्रमणबाट रौतहटको गढीमाई नगर पालिका-७ मा १२ जना घाइते भएका छन् । खेतबारीमा घाँस काट्न गएका पालिकाको धनारी टोलका नौ वर्षीय बालकसहित १२ जना स्यालको टोकाइबाट घाइते भएका हुन् । घाइते मध्ये दुई महिलाको वीरगञ्जस्थित मेडिकल कलेजमा उपचार भइरहेको छ । नजिकै रहेको उखुबारीमा बसेका पाँच/छ वटा स्यालको समूहले आक्रमण गर्दा नौ वर्षीय बालक श्रवणकुमार, वर्ष १५ की मनिषा खातुन, २७ वर्षका रामविनय बैठा, ३० वर्षीय बिनादेवी, वर्ष ३५ की दुखियादेवी, ४० वर्ष की जैयबुल खातुन, ५५ वर्ष की उषादेवी, ७२ वर्षीय सिकिलावा देवी, ६० वर्ष की तेतरी खातुन, ७० वर्षीय जयल मुखियालगायत घाइते हुनुभएको पालिका प्रमुख श्यामप्रसाद यादवले जानकारी दिनुभयो । यसैगरी, स्यालको टोकाइबाट घाइतेमध्ये जैयबुल र तेतरीको नाक र मुखमा गहिरो चोट भएकाले प्रादेशिक अस्पताल गौरमा प्राथमिक उपचार गरी थप उपचारका लागि शुक्रबार राती वीरगञ्जस्थित नेशनल मेडिकल कलेज पठाइएको । दुवै जना हाल उपचार मै रहनुभएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिनुभयो । बाँकी घाइतेको उपचार प्रादेशिक अस्पताल गौरमा भई ‘एन्टिरेबिज भ्याक्सिन’ लगाएर घर फर्किएका छन् । अस्पताले दिएको समयअनुसार घाइतेहरू थप भ्याक्सिनको पुनः अस्पताल धाउनु पर्ने जानकारी ‘मडिकल सुपरिटेन्डेन्ट’ कृष्ण साहले बताउनुभयो । स्यालले यसरी आक्रमण गर्दा स्थानीय घरबाट बाहिर निस्किन पनि डराएका छन् ।

# रौतहटमा श्रोत नखुलेको रकम सहित एक जना पक्राउ

● टक नेपाल

रौतहट । सशस्त्र प्रहरी सीमा सुरक्षा पोस्ट बंकुलले श्रोत नखुलेको झन्डै ६ लाख नेपाली रुपैयाँ सहित एक जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरीले भारततर्फ जान लागेको बेला परोहा नगरपालिका-८ का दिनेशप्रसाद कुशवाहालाई ५ लाख ९४ हजार रुपैयाँसहित शुक्रबार साँझ पक्राउ गरेको शसस्त्र प्रहरीका एसपी माधव रेग्मीले जानकारी दिए । बौधीमाई नगरपालिका-७ छोटी भन्सार हुँदै भारततर्फ गइरहेको बाग्मती प्रदेश ०२-०३८ प-५८६७ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा १ हजारको ३४२ र ५ सयको ५०४ थान गरी ५ लाख ९४ हजार रुपैयाँ बरामद भएको एसपी रेग्मीले बताए । बरामद रकम, मोटरसाइकल सहित कुशवाहालाई आवश्यक कारबाहीका लागि भन्सार कार्यालय गौरमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ । केही समय देखी सीमाक्षेत्रमा श्रोत नखुलेको रकमको ओसार पसार हुँदै आएको छ ।

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)

यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, ब्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

“समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।”

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

“गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता”
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

प्रो. जितनी देवी साह
मो. ९८१८३९३१३१
छपरिया होटल
बर्दिबास न.पा.-१ पश्चिम बस काउन्टको अगाडि


शुद्ध शाकाहारी होटल

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com